प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मिति: २०७७/०२/३१

### १) मुख्यमुख्य क्रियाकलापहरु:-

- आज कोभिड-१९ संक्रमण पुष्टि भएका कमलामाई-१०, सिन्धुलीका १९ वर्षिया पुरुषको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing) लगायत अन्य आवश्यक व्यवस्थापनको लागि स्वास्थ्य कार्यालय सिन्धुली, स्थानीय नगरपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालबाट परिचालित भएको टोलीले द्रुत रुपमा कार्य गरिरहेको छ ।

- नुवाकोट, काठमाण्डौ, चितवन, धादिङ लगायत विभिन्न जिल्लामा भएका कोभिड-१९ संक्रमित व्यक्तिहरुको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप लगायत अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) निरन्तर रुपमा भईरहेको छ ।

### २) महामारीको हालको अवस्था:-

- नेपालमा हाल सम्ममा जम्मा ५३३५ जनामा संक्रमण देखिएकोमा छ (स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो तथ्यांक अनुसार) भने बागमती प्रदेशमा संक्रमितको संख्या जम्मा १८५ जना छ जसमा ४६ जना निको भई डिस्चार्ज भईसकेको अवस्था छ ।

- बागमती प्रदेशमा संक्रमितहरु मध्ये ४ जनाको दुखद् मृत्यु भएको छ । मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छौ ।

### ३) कोरोना भाइरस (कोभिड-19) रोकथाम, नियन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदन:-

- आज मिति २०७७।०२।३१ गते बेलुका ५:०० बजे सम्ममा बागमती प्रदेश अन्तर्गत कोभिड-19 को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण निम्न बमोजिम रहेको छ। आज हेटौडा स्थित प्रदेश प्रयोगशालामा कोभिड-१९ परीक्षणको लागि १३४ वटा नमुना (स्वाब) प्राप्त भएको थियो (हेटौडाबाट २७ र सल्यानबाट १०७) जुन परिक्षण हुने क्रममा छ । (हिजो सिन्धुलीबाट प्राप्त १ वटा नमुनाको नतिजा पोजिटिभ आएको छ । त्यस्तै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुबाट प्राप्त भएको नमुनामध्ये आज १ पोजिटिभ र २५० नेगेटिभ नतिजा आएको छ भने बाँकी परिक्षण हुने क्रममा छ)।

- आजसम्म हेटौडास्थित प्रदेश प्रयोगशालामा कोभिड-१९ परीक्षणको लागि ४०५२ वटा नमुना प्राप्त भएको छ।
- यसको अतिरिक्त हालसम्म यस प्रदेशमा २८३०६ RDT परीक्षण गरिएकोमा ६१९ वटामा पोजिटिभ देखिएको छ ।

## ४) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरण:-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | |
| काठमाण्डौ | 1351 | 69 | 52 | 239 | 37 | 9522 | 9230 | 292 | 3362 | 30 | |
| ललितपुर | 137 | 58 | 62 | 124 | 16 | 2444 | 2431 | 13 | 1759 | 2 | (+1) |
| भक्तपुर | 313 | 39 | 21 | 42 | 0 | 1770 | 1763 | 7 | 1279 | 1 | (+5) |
| रसुवा | 277 | 25 | 0 | 35 | 0 | 495 | 485 | 10 | 31 | 0 | |
| नुवाकोट | 1180 | 498 | 149 | 16 | 8 | 2235 | 2179 | 56 | 444 | 8 | |
| धादिङ | 1163 | 297 | 456 | 20 | 17 | 2522 | 2404 | 118 | 539 | 53 | (+5) |
| चितवन | 2465 | 907 | 0 | 302 | 51 | 1297 | 1282 | 15 | 1809 | 28 | (+9) |
| सिन्धुली | 389 | 91 | 140 | 32 | 3 | 1141 | 1108 | 33 | 359 | 3 | (+2) |
| मकवानपुर | 352 | 92 | 198 | 35 | 6 | 1619 | 1602 | 17 | 643 | 4 | (+2) |
| रामेछाप | 331 | 124 | 6 | 71 | 17 | 862 | 856 | 6 | 150 | 17 | (+2) |
| दोलखा | 1016 | 374 | 25 | 41 | 0 | 1053 | 1049 | 4 | 92 | 0 | (+2) |
| काभ्रे | 703 | 66 | 65 | 13 | 0 | 2072 | 2034 | 38 | 416 | 0 | (+6) |
| सिन्धुपाल्चोक | 607 | 83 | 102 | 38 | 7 | 1274 | 1264 | 10 | 481 | 4 | (+1) |
| जम्मा | **10284** | **2723** | **1276** | **1008** | **162** | **28306** | **27687** | **619** | **11364** | **150** | **(+35)** |

**+ सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार**

## ५) बागमती प्रदेशमा संक्रमितहरुको विवरण (२०७७/०२/३१ गते, बेलुका ५:०० बजे सम्मको विवरण):-

| क्र.स. | जिल्ला | कोभिड-१९ संक्रमितको संख्या | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | डिस्चार्ज भएका | |
| १ | काठमाण्डौ | ३० | | | |
| २ | चितवन | ३७ | | | २०७७/०२/२७ मा १ जनाको मृत्यु |
| ३ | भक्तपुर | ६ | | | |
| ४ | धादिङ | ५८ | | | |
| ५ | मकवानपुर | ६ | | | |
| ६ | काभ्रे | ६ | | | |
| ७ | सिन्धुपाल्चोक | ५ | | | २०७७/०२/०३ मा १ जनाको मृत्यु |
| ८ | ललितपुर | ३ | | | २०७७/०२/१४ मा १ जनाको मृत्यु |
| ९ | सिन्धुली | ५ | | | |
| १० | रामेछाप | १९ | | | |
| ११ | नुवाकोट | ८ | | | |
| १२ | दोलखा | २ | | | २०७७/०२/२१ मा १ जनाको मृत्यु |
| | जम्मा | १८५ | १३५ | ४६ | ४ मृत्यु |

स्रोत: सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; HEOC (२०७७/०२/३१);स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिंग (२०७७/०२/३१)

